## दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### फर्पिङ, काठमाडौं, बागमती प्रदेश, नेपाल

**नगर अस्पतालमा प्रयोगशाला परिक्षण सेवा विस्तारका लागि सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०५/०७**

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०५/२५**

यस कार्यालय अन्तर्गत दक्षिणकाली नगर अस्पतालको लागि प्रयोगशाला परिक्षण सेवा विस्तार गर्नुपर्ने भएकोले मिति २०८०/०५/२५ देखि मिति २०८०/०५/३१ गते सम्म (७ दिन भित्रमा) कार्यालय समय भित्र सिलबन्दी दरभाउपत्रमा सहभागी हुनको लागी सिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ । दरभाउपत्रमा सहभागी हुन, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट मान्यता प्राप्त A र Bcategory वा प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट मान्यता प्राप्त Ccategory प्राप्त गरेको प्रयोगशाला हुनुपर्नेछ । दरभाउपत्र फारम दस्तुर रु १,०००।- अक्षरेपी रु एक हजार मात्र (पछि फिर्ता नहुने) यस नगरपालिकाको कार्यालय कोड ८०१०३३५०८, राजश्व शिर्षक १४२२९ अन्तर्गत रहेर राष्ट्रिय वाणिज्य बैंक, फर्पिङ शाखामा रहेको आन्तरिक राजस्व खाता नं (ग-१-१) १२००१००३०१०१०००२ जम्मा गरि कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ । विस्तृत सूचना तथा जानकारी यस कार्यालयको वेबसाईट www.dakshinkalimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

**Published on: (2080-05-25, September 11, 2023, Gorkhapatra)**

# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, बागमती प्रदेश, नेपाल

**नगर अस्पतालमा प्रयोगशाला परिक्षण सेवा विस्तारका लागि सिलबन्दी दरभाउपत्र आह्वान गरिएको सूचना ।**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०५/०७**

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०५/२५**

यस कार्यालय अन्तर्गत दक्षिणकाली नगर अस्पतालको लागि प्रयोगशाला परिक्षण सेवा विस्तार गर्नुपर्ने भएकोले मिति २०८०/०५/२५ देखि मिति २०८०/०५/३१ गते सम्म (७ दिन भित्रमा) कार्यालय समय भित्र तपशिल वमोजिमको शर्त अनुसार इच्छुक शिलबन्दी दरभाउपत्र दाताहरुबाट शिलबन्दी दरभाउपत्रमा सहभागी हुनको लागी शिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

शर्तहरु

१. दरभाउपत्रमा सहभागी हुन, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट मान्यता प्राप्त A र B category वा प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट मान्यता प्राप्त C category प्राप्त गरेको प्रयोगशाला हुनुपर्नेछ ।

२. दरभाउपत्र फारम दस्तुर रु १,०००/- अक्षरेपी रु एक हजार मात्र (पछि फिर्ता नहुने) यस नगरपालिकाको कार्यालय कोड ८०१०३३५०८, राजश्व शिर्षक १४२२९ अन्तरगत रहेर राष्ट्रिय वाणिज्य बैंक फर्पिङमा रहेको **आन्तरिक राजस्व खाता नं (ग-१-१)** १२००१००३०१०१०००२ जम्मा गरि दरभाउपत्र खरिद गर्न सकिनेछ ।

३. दरभाउपत्र खरिद गर्ने स्थान दक्षिणकाली नगरपालिका फर्पिङमा उपस्थित हुनु पर्नेछ ।

४. सिलबन्दी दरभाउपत्र पेश गर्ने दरभाउपत्रदाताले राष्ट्रिय वाणिज्य बैंक, फर्पिङ स्थित धरौटी खाता नं १२००१००३०३००००२ मा विड बोण्ड बापत रु. ६०,०००/-(अक्षरुपी रु. साठी हजार रुपैंया मात्र) जम्मा गरेको सक्कल भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको बैंक जमानत (विड बोण्डको सक्कल प्रति) संलग्न गरी पेश गर्नुपर्नेछ । बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित कानून बमोजिम फिर्ता गरिनेछ ।

५. दरभाउपत्रमा सहभागी हुन संलग्न गर्नुपर्ने कागजातहरु

- चालु आ.व. को लागि नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र,
- पान तथा मुअकर दर्ता प्रमाणपत्र,
- कालो सुचिमा नपरेको स्व – घोषणा,
- आ.व. २०७९/८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी वा म्याद थप गरिएको प्रमाणपत्र,

६. सिलवन्दी दरभाउपत्र पेश गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको सही छाप नभएको, एउटाको नाममा खरिद गरी अर्को नाममा दर्ता गरेको र कुनै पनि शर्त राखी पेश भएको दरभाउपत्र मान्य हुने छैन ।

७. दरभाउपत्र खरिद गर्ने अन्तिम मिति: २०८०/०५/३१ गते कार्यालय समय भित्र ।

८. दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति: २०८०/०६/०१ गते दिनको १२ वजे भित्र ।

९. दरभाउपत्र खोलिने अन्तिम मिति तथा समय: २०८०/०६/०१ गते दिनको १ वजे ।

१०. शिलवन्दी दरभाउपत्र दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोबहरमा खोलिनेछ साथै दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । दरभाउपत्र बिक्री गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

११. कुनै विवाद आए आपसी समझदारीमा टुंगाइनेछ तर अन्तिम निर्णय भने यस कार्यालयको हुनेछ ।

१२. यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानुन अनुसार हुनेछ । विस्तृत जानकारीको लागी दक्षिणकाली नगरपालिकाको कार्यालय फर्पिङ, काठमाडौंमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

-प्रमुख प्रशासकीय अधिकृत